KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-१९० बारा, २०८३ भदौ १५ गते सोमबार / तृतीया / नेपाल संवत् ११४६ / Monday, August 31 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

## बाढीपछि बाराका २५ जनाको अवस्था अझै अज्ञात




कलैया,१४ भदौ/रसुवाको भोटेकोसी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका बारा जिल्लाका २८ जनामध्ये हालसम्म तीन जना सम्पर्कमा आएका छन् ।

सम्पर्कमा आउनेहरूमा बारा जिल्लाको कलैया उपमहानगरपालिका( २२ धोघा निवासी सत्यप्रकाश राम, सुवर्ण गाउँपालिका( ३ निवासी शिक्षक रुपेश गुप्ता र जीतपुरसिमरा उपमहानगरपालिका( १२ निवासी नेपाली सेनामा कार्यरत रोहित कुमार साह रहेका छन् ।

जिल्ला प्रशासन कार्यालय बाराका अनुसार सत्यप्रकाश राम घर फर्किसक्नुभएको छ भने शिक्षक गुप्ता र नेपाली सेनाका जवान साह पनि परिवार तथा आफन्तको सम्पर्कमा आइसक्नुभएको छ ।

बाढीपछि बाराका विभिन्न स्थानीय तहका अझै २५ जना सम्पर्कविहीन रहेका छन् । उनीहरूको खोजी तथा उद्धार कार्य जारी रहेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ । बाराबाट रसुवा पुगेका नागरिकको अवस्था पहिचान गर्न सुरक्षा निकायसँग समन्वय गरी खोजी भइरहेको प्रशासनले जनाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका टोली उद्धार तथा खोजीमा परिचालित छन् ।

परिवार तथा आफन्तबाट प्राप्त सूचनाका आधारमा जिल्ला प्रशासन कार्यालय बाराले सम्पर्कविहीन नागरिकको विवरण संकलन र अद्यावधिक गरिरहेको हो ।

## बाढीमा बेपत्ताहरूको खोजीमा निजगढका जनप्रतिनिधि र पीडित अस्पताल र होल्डिङ्ग सेन्टर चाहार्दै

निजगढ, १४ भदौ/रसुवाको भोटेकोशीमा आएको बाढीपछि बेपत्ता बनेका निजगढ नगरपालिकाका वडा नम्बर ९ का २ जना युवाहरुको खोजीको लागि वडा अध्यक्ष रामचन्द्र कटुवाल बाढी प्रभावित जिल्लामा रहेका होल्डिङ्ग सेन्टर र अस्पतालहरुमा पुग्नुभएको छ ।

बाढीपछि बेपत्ता निजगढ नगरपालिका ९ का ३९ वर्षिय राजु विष्ट र ३० वर्षिय दिनेश परियारको अवस्था पत्ता लगाउन वडा अध्यक्ष कटुवाल र पीडित परिवारका सदस्यहरु घाइते र मृतकहरुलाई राखिएको भनिएको बाढी प्रभावित जिल्लाका होल्डिङ्ग सेन्टर तथा अस्पतालहरुमा पुगेका हुन ।

चितवन, नवलपरासी, धादिङ्ग, नुवाकोट जिल्लाका होल्डिङ्ग सेन्टर र अस्पतालमा बेपत्ताहरुको खोजी गर्दै आज साँझ नै काठमाण्डौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा पुगेर विष्ट र परियारको अवस्थाबारे खोजतलास गरिएको वडा अध्यक्ष कटुवालले बताउनुभयो । २ दिनदेखि खोजतलास गरिएको भएपनि उनीहरुको अवस्था अझै पत्ता लगाउन



नसकिएको वडा अध्यक्ष कटुवालले जानकारी दिनुभएको छ ।

ट्रक तथा कन्टेनर चालक विष्ट र परियार सामान ढुवानीको लागि रसुवातर्फ गएको र बाढीपछि उनीहरु सम्पर्कविहीन भएका थिए ।

पीडित परिवारका सदस्यसहित वडा अध्यक्ष कटुवाल शनिबार बिहान निजगढबाट बाढी प्रभावित जिल्लातर्फ लागेको थियो । त्यसैगरी त्रिशुली जलविद्युत परियोजनामा सवारी चालकको काम गर्ने निजगढ ८ का उत्तम न्यौपानेको अवस्था पनि बाढीपछि अज्ञात छ ।


परिवार तथा आफन्तले खोजीका लागि सरकारसँग आग्रह गर्दैआएका छन् ।

## बाढीपीडितलाई सहयोग गर्न बारा उद्योग वाणिज्य संघको अनुरोध

कलैया, १४ भदौ/बारा उद्योग वाणिज्य संघले हालै रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउन उद्योगी, व्यवसायी तथा व्यापारीलाई सहयोग गर्न अपिल गरेको छ ।

संघका महासचिव रामअशिष साह कानुले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै बाढीबाट भएको जनधनको क्षतिप्रति दु:ख व्यक्त गर्नुभएको छ । संघले बाढीमा ज्यान गुमाएकाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना पनि व्यक्त गरेको छ ।

बाढीपीडित परिवारको तत्काल राहतका लागि संघको पहलमा राहत सामग्री संकलन तथा वितरण गर्ने निर्णय गरिएको विज्ञप्तिमा जनाइएको छ । प्रारम्भिक चरणमा करिब ८ सय बोरा राहत सामग्री संकलन गर्ने लक्ष्य राखिएको संघले जनाएको छ । प्रत्येक बोराको लागत करिब ३ सय ५० रुपैयाँ


बारा उद्योग वाणिज्य संघ
(BARA CHAMBER OF COMMERCE & INDUSTRY)
कलैया, बारा
Kalaiya, Bara
मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४
चलानी नम्बर: २६

मिति: २०८३/०५/१४

हार्दिक अपिल

बारा उद्योग वाणिज्य संघको आकस्मिक बैठक बसी हाले आएको बिनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै ज्यान गुमाउनु भएका सम्पुर्णप्रति भावपुर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

यस दुखद् परिस्थितिमा बाढीपीडित परिवारहरुको तत्काल राहतका लागि बारा उद्योग वाणिज्य संघको पहलमा राहत सामग्री संकलन तथा वितरण गर्ने निर्णय गरिएको छ । प्रारम्भिक चरणमा करिब ८०० बोरा राहत सामग्री सहयोग गर्ने लक्ष्य राखिएको छ । प्रत्येक बोराको लागत करिब रु.३५०/-रहेको छ, जसमा चिउरा, भुजा, चाउचाउ र बिस्कुट समावेश गरिने छ । [illegible] सम्पुर्ण उद्योगी,व्यवसायी तथा व्यापारीज्यूहरुलाई आफुले सकेअनुसार एक बोरा,दुई बोरा वा आफ्नो क्षमताअनुसार जति सकिन्छ त्यति सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

आज तपाईले गरेको सानो सहयोग पनि बिपतमा परेका कुनै परिवारका लागि ठुलो सहारा बन्न सक्छ । त्यसैले दुःखको यस घडीमा सबै एकजुट भई बाढीपीडित दाजुभाई तथा दिदीबहिनीहरुको साथमा उभिन हार्दिक अपिल गर्दछौं ।

सहयोगका तथा समन्वयका लागि सम्पर्क नं. ९८४५१२८३९६,९८२१२२७०३०

बिपद्को घडीमा हाम्रो एकता,सहयोग र मानवता नै पीडितको ठुलो सहरा हो ।

भवदिय

रामअशिष साह कानु
महासचिव
बारा उद्योग वाणिज्य संघ
कलैया,बारा

पर्ने जनाइएको छ ।

राहत सामग्रीको प्रत्येक बोरामा चिउरा, भुजा, चाउचाउ र बिस्कुट राखिनेछ । संघले उद्योगी, व्यवसायी तथा व्यापारीलाई आफ्नो क्षमताअनुसार

*बाँकी तेश्रो पेजमा*

## हराएको राँगो खोज्न घरबाट निस्किएका टाँगियाबस्तीका फुयालको शव फेला

निजगढ, १४ भदौ/जंगलमा हराएको राँगो खोज्न घरबाट निस्किएका जीतपुरसिमरा उपमहानगरपालिका( १६ टाँगियाबस्तीका ५५ वर्षीय गुरु फुयाल भन्ने रेवती फुयाल आज बिहान मृत अवस्थामा फेला परेका छन ।

पाडो (राँगा) खोज्न शनिवार बिहान जंगल गएका फुयालको शव आज बिहान कोल्हबी नगरपालिका ६ को काँटघाटस्थित सहजनाथ महादेव मन्दिरको दक्षिर्णतर्फको जंगलमा बिहान १०:३० बजे फेला परेको इलका



प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम खनालले जानकारी दिनुभयो ।

आफन्त, छिमेकी र प्रहरी सहितको टोलीले फुयालको शव फेला पारेको हो । हराएको भनिएको राँगो भने सोही साँझ आफै घरमा आइपुगेको थियो ।

प्रहरीका अनुसार जंगलमा चराउन लगेको पाडो शुक्रवार साँझ हराएपछि फुयाल भोलिपल्ट बिहान करिब ५:३० बजे खोजीको लागि जंगलतर्फ गएका थिए । आफन्तले घटनाबारे शनिबार साँझ नै इलाका प्रहरी कार्यालय निजगढमा जानकारी गराएपछि १० जना प्रहरीसहितको टोलीले फुयालको खोजी सुरु गरेको थियो ।

## निजगढमा संकलित राहत सामग्री नुवाकोटको होल्डिङ्ग सेन्टरमा बुझाइयो

निजगढ, १४ भदौ/निजगढका युवाहरुले भोटेकोशी बाढी प्रभावितहरुको लागि संकलन गरेको राहत सामाग्री आज नुवाकोटमा नेपाली सेनाले संचालन गरेको होल्डिङ्ग सेन्टरमा पुऱ्याएर बुझाइएको छ ।

बाढी पीडितहरुको राहतको लागि निजगढका व्यवसायी र दाताहरुबाट संकलन गरिएको खाद्यान्न, लत्ताकपडा र अन्य आवश्यक सामाग्री बेलकोटस्थित श्री महादेव माविको होल्डिङ्ग सेन्टरमा नेपाली सेनाको ६ नम्बर बाहिनी बैरेनीका मेजर राजकुमार बस्नेतको रोहबरमा बेलकोटगढी नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष भुनेश्वर नेपाललाई हस्तान्तरण गरिएको सामाजिक



अभियान्ता दिपक सापकोटाले जानकारी दिनुभयो ।

राहत सामग्री हस्तान्तरण कार्यक्रममा सामाजिक अभियान्ता सापकोटासहित साथी सहकार्य युवा क्लब निजगढका अध्यक्ष विपुल लामा र संचारकर्मी पवन भगिरथकोसमेत सहभागिता रहेको थियो ।

जिल्ला प्रशासन कार्यालय बाराको

*बाँकी तेश्रो पेजमा*

## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरुका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय........

# भोटेकोशीको आँसु र सिंहदरबारको गति

रसुवाको भोटेकोशी र त्रिशूली नदी करिडोरमा आएको अभूतपूर्व बाढीपछि १९ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरी ८ हजारभन्दा बढी नागरिकको ज्यान जोगाउनु र विदेशी विशेषज्ञ टोली झिकाएर सुरुङमा फसेका मजदुरको उद्धार गर्नु सरकारको सराहनीय कदम हो ।

तर, ७ सय ५० भन्दा बढीको ज्यान लिएको यो महाविपद्को वास्तविक परीक्षा उद्धारमा भन्दा अहिलेको राहत वितरण र पुनःस्थापनामा देखिएको भद्रगोलमा हुँदैछ ।

बाढी आएको यतिका दिन बितिसक्दा पनि सडक र सञ्चार सञ्जालबाट विच्छेद भएका टिमुरे, स्याफ्रुबेसी र धुन्चेमाथिका दुर्गम हिमाली बस्तीमा अझै स्वच्छ पिउने पानी, औषधि र खाद्यान्न पर्याप्त मात्रामा पुग्न सकेको छैन । सुगम क्षेत्र र राजमार्ग आसपासमा राहत सामग्री थुप्रिने, तर विकट क्षेत्रका वास्तविक पीडित त्रिपालमुनि भोक र अभावसँग जुधिरहनुपर्ने अवस्था सरकारको भनिएको 'एकद्वार प्रणाली'को फितलो व्यवस्थापनको प्रमाण हो ।

चीनसँगको सीमापार पूर्वसूचना प्रणाली प्रभावकारी नहुँदा बाढीको प्रारम्भिक चरणमै ठूलो मानवीय क्षति भएको देखिन्छ । त्यसबाट पाठ सिकेर आगामी दिनमा यस्ता विपद्को पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा राज्यको ध्यान जान आवश्यक छ ।

अर्कोतर्फ, विस्थापित शिविरमा अत्यधिक भिडभाडका कारण झाडापखालालगायत संक्रामक रोग फैलिने जोखिम बढिरहेको छ । यस्तो अवस्थामा पर्याप्त स्वास्थ्यकर्मी, औषधि र स्वच्छ खानेपानीको तत्काल व्यवस्था गर्नुपर्ने जिम्मेवारीबाट राज्य पन्छिन मिल्दैन । विपद्पछि रोगको महामारी फैलियो भने त्यसले बाढीबाट भएको क्षतिलाई झनै भयावह बनाउन सक्छ ।

अझ ठूलो विडम्बना त के हो भने, २०७२ सालको भूकम्पपछि जोखिमयुक्त ठहरिएका स्थानबाट बस्ती स्थानान्तरण गर्नुपर्ने विषय लामो समयदेखि उठ्दै आए पनि त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा तिनै परिवार फेरि अर्को विपद्को चपेटामा परेका छन् । विपद् केवल प्राकृतिक घटना होइन, जोखिम थाहा हुँदाहुँदै त्यसलाई बेवास्ता गर्नु पनि मानवीय क्षति बढाउने प्रमुख कारण हो ।

अब सरकारले राहत वितरणलाई कागजी प्रक्रिया र बैठकको घेराबाट बाहिर निकालेर वास्तविक पीडितसम्म पुऱ्याउनुपर्छ । सडक र सञ्चार अवरुद्ध भएका दुर्गम बस्तीमा तत्काल हेलिकप्टरलगायत वैकल्पिक माध्यमबाट खाद्यान्न, पानी, औषधि र अत्यावश्यक सामग्री पुऱ्याउन ढिलाइ गर्नु हुँदैन । त्यस्तै, विस्थापित परिवारको स्थायी पुनःस्थापनाका लागि स्पष्ट समयसीमा र ठोस योजना सार्वजनिक गर्न आवश्यक छ ।

भोटेकोशीको बाढीले प्राकृतिक विपद्को भयावहता देखाएको छ । अब सिंहदरबारले आफ्नो गति देखाउने बेला हो । उद्धारमा देखिएको तत्परता राहत, पुनःस्थापना र दीर्घकालीन जोखिम न्यूनीकरणमा पनि देखिन सके मात्र सरकारको जिम्मेवारी पूरा भएको मानिनेछ । अन्यथा, यो महाविपद् प्राकृतिक विपत्तिको कथा मात्र नभई सरकारी अक्षमता र अव्यवस्थाको अर्को जीवित दस्तावेज बन्नेछ ।

# सार्वजनिक सुनुवाइमा जवाफदेहिता




सरकारले हालै यही भदौको पहिलो सातामा मात्र सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाई एक महिनाभित्र नागरिकको सन्तुष्टि अभिवृद्धि गर्ने उद्देश्यले 'सार्वजनिक सेवा तत्काल सुधार कार्ययोजना, २०८३' ल्याएको छ । यसले राज्य र नागरिकबिचको सम्बन्धको अपरिहार्यता एवं महत्वलाई उजागर गर्छ । अब नागरिकको सरकारका कामकारबाहीप्रतिको सन्तुष्टिको अवस्था कस्तो छ, विकास र सेवा प्रवाहप्रति नागरिकको धारणा के छ भन्ने विषयमा निरन्तर जानकारी लिइरहन आवश्यक हुन्छ । यही उद्देश्यका लागि सरकारी निकाय र विकास संस्थाले सार्वजनिक सुनुवाइको अभ्यास गर्दै आएका छन् । वास्तवमा, सार्वजनिक सुनुवाइ लोकतन्त्रमा नागरिक सर्वोच्चता सुदृढ गर्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन अपरिहार्य प्रक्रियामूलक पद्धति हो । खास गरी सन् १९८० को दशकदेखि जनकेन्द्रित विकासको अवधारणासँगै विकास आयोजनालाई समुदायमा आधारित बनाउने नीति तथा अभ्यास अगाडि बढेको हो । यससँगै विकासमा सहभागिता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाइ आवश्यक हुन गएको हो ।

सार्वजनिक सुनुवाइ प्रत्यक्ष रूपमा विकास र सेवाप्रवाहको प्रभावकारिताका लागि भए पनि यसको महत्व अन्ततः समग्र शासन सञ्चालनको विषय र अझ त्यसभन्दा माथि लोकतन्त्रको सबलीकरणसँग पनि सम्बन्धित हुन्छ । खास गरी कसरी शासन सञ्चालन गरिन्छ भन्ने विषय अहिलेको समाजको महत्वपूर्ण सवाल बनेको छ । आवधिक निर्वाचनबाट चुनिएका प्रतिनिधिले शासन सञ्चालन गरे पनि जनतामा किन असन्तुष्टि र नकारात्मक भावना जागिरहन्छ, जसले लोकतन्त्रलाई अलोकप्रिय बनाइरहेको हुन्छ ? यस्तो हुनुमा लोकतान्त्रिक शासनको ठिक तरिकाले अभ्यास नहुनु, खास गरी पारदर्शिता र जवाफदेहिताको पालना नगर्नु प्रमुख कारण हुन् भन्ने विश्लेषकको मत रहने गरेको छ । लोकतन्त्रमा निर्वाचन जवाफदेहिताको एउटा संयन्त्र भए पनि यो अप्रत्यक्ष र कम प्रभावकारी प्रकृतिको हुन्छ । यस्तो हुनुमा केही वर्षको अन्तरालमा प्रतिनिधि चुन्ने र फाल्नेबाहेक नागरिकले नियमित रूपमा सरकारको मूल्याङ्कन गर्ने अवसर पाउँदैनन् । नागरिकले निर्वाचनबाहेक शासन सञ्चालनका विविध प्रक्रियामा सहभागी हुने अवसरका रूपमा सार्वजनिक सुनुवाइलाई लिन सकिन्छ । वास्तवमा, सार्वजनिक सुनुवाइ सरकारलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउन अभ्यास गरिने विधि हो ।

हाम्रो जस्तो विकासशील देशमा विकास प्रक्रियामा नागरिकको सहभागिताबाट नै नागरिकको भूमिका कति सबल छ भन्ने बुझ्न सकिन्छ । विकाससम्बन्धी निकायले समुदायको माग र आवश्यकताका आधारमा विभिन्न सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार निर्माणसम्बन्धी परियोजनामा समुदायलाई प्राविधिक एवं भौतिक सहयोग गर्दै आएका छन् । यस्ता सामुदायिक परियोजनामा उपभोक्ता समुदाय, मुख्य सहयोगी निकाय तथा अन्य सरोकारवाला संस्थाहरूको समेत भौतिक एवं वित्तीय लगानी हुने गर्छ ।

परियोजना तर्जुमादेखि कार्यान्वयन र मूल्याङ्कनसम्मका विभिन्न चरणमा आमसमुदायका साथै सबै सरोकारवाला पक्षहरूको उत्तिकै सहभागिता र जवाफदेहिता आवश्यक पर्छ । यससम्बन्धी सार्वजनिक जानकारी र पारदर्शिता सुनिश्चित गर्न सामुदायिक परियोजना कार्यान्वयन गर्दा निश्चित प्रक्रिया अवलम्बन गर्नु आवश्यक हुन्छ । यही उद्देश्यले विकास तथा सेवा प्रवाहसम्बन्धी निकायले सार्वजनिक सुनुवाइको अभ्यास गर्दै आएका छन् । नेपालमा सङ्घीय प्रणाली अवलम्बन गरिएसँगै तिनै तहका सरकारका लागि सार्वजनिक सुनुवाइ अझ आवश्यक भएको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको योजना प्रक्रियामा जनसहभागिताको नीतिलाई महत्व दिएको छ । गैरसरकारी संस्थाले पनि जनसहभागितालाई अपरिहार्य ठान्दै आएका छन् । त्यसै गरी विकास योजनामा उपभोक्ता समितिको व्यवस्था हुने गरेको छ । योजनाको चक्र अनुसार विभिन्न चरणमा सार्वजनिक जानकारी, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाइ विधिको प्रयोग गर्न आवश्यक पर्छ ।

तर यहाँ सार्वजनिक सुनुवाइसम्बन्धी बुझाइको अस्पष्टताका कारण योजना चक्रका मूल चरणहरू- योजना तर्जुमा, योजना कार्यान्वयन तथा अनुगमन र योजना सम्पन्नपछिको मूल्याङ्कनलाई स्पष्ट रूपमा सम्बोधन नगरी विविध शब्दावली प्रयोग गर्ने र अभ्यास गर्ने गरिएको पाइन्छ । यस्ता विविध शब्दावलीमा 'सार्वजनिक परीक्षण', 'सामुदायिक परीक्षण', 'सामाजिक लेखा परीक्षण', 'लैङ्गिक लेखा परीक्षण' आदि पर्छन् । यी सबै सार्वजनिक सुनुवाइको विधि अन्तर्गत पर्छन् तर कुनै पनि परियोजना, कार्यक्रम वा गतिविधिको माथि उल्लिखित योजना चक्रको कुन चरणसँग सम्बन्धित भएर यी अभ्यास गरिने हुन् भन्ने स्पष्ट नगरी विविध प्रकारका सार्वजनिक सुनुवाइ हुने गरेका छन् । यस्ता अधिकांश विधिको उद्देश्य विकासका सरोकारवालालाई सुसूचित गराउनु र उनीहरूको निर्णय प्रक्रियामा भूमिका सुदृढ गर्नु भए पनि विभिन्न शब्दावलीको प्रयोग र तिनको बुझाइमा रहेको अस्पष्टताका कारण विकासकर्मी तथा संस्थामा यस्ता विधिको सही प्रयोग हुन नसकेको अनुभव गर्न सकिन्छ । विकासमा सुशासन कायम गर्न सरोकारवाला सुसूचित हुने र विकास प्रक्रियामा निर्णायक भूमिका निर्वाह गर्ने अवस्थाको सुनिश्चितता अत्यन्त आवश्यक छ । यसका लागि अपनाइने विधिको उद्देश्य, प्रक्रिया र भूमिकाबारे समुदायस्तरमा स्पष्ट बुझाइ विकास गर्नुका साथै तिनको सरल, व्यावहारिक र प्रभावकारी प्रयोग सुनिश्चित गर्न आवश्यक छ ।

व्यवहारमा कुनै पनि कार्यक्रम वा परियोजना सम्पन्न भएपछि त्यसलाई जनअनुमोदन गर्ने बाध्यकारी नियमको औपचारिक पालना गरेको देखाउन मात्र यी विविध प्रकारका सार्वजनिक सुनुवाइको अभ्यास हुने गरेको पाइन्छ । वास्तवमा, नागरिकको प्रभावकारी भूमिका सुनिश्चित गर्न तथा कुनै पनि विकास वा सेवा कार्यलाई दिगो बनाउन योजनाका सबै मूल चरणमा सार्वजनिक सुनुवाइ गरिनु पर्छ । यस हिसाबले, योजना चक्रका मूल चरणहरू-योजना तर्जुमाका क्रममा गरिने सार्वजनिक सुनुवाइलाई 'सार्वजनिक लेखाजोखा', कार्यान्वयन तथा अनुगमनको चरणमा गरिनेलाई 'सार्वजनिक समीक्षा' र योजना सम्पन्न भएपछि गरिनेलाई 'सार्वजनिक कार्यसम्पन्न मूल्याङ्कन तथा लेखा परीक्षण' भनी वर्गीकरण गर्दा सरलता र स्पष्टता कायम हुन सक्छ ।

अर्थात् परियोजनाको तर्जुमा चरणमा परियोजनाप्रति सबैको सहमति र प्रतिबद्धता सुनिश्चित गर्न सार्वजनिक लेखाजोखा विधिलाई अपनाइन्छ । परियोजना कार्यान्वयनको निश्चित विन्दुमा पुगेपछि त्यसको अनुगमन गरी कार्यान्वयनमा आवश्यक सुधार तथा प्रभावकारी उपाय अवलम्बन गर्न सार्वजनिक समीक्षा गरिन्छ । त्यसै गरी परियोजना सम्पन्न भएपछि योजना समग्रमा लक्ष्यबमोजिम सम्पन्न भएनभएको मूल्याङ्कन गर्न तथा उपलब्ध स्रोतसाधन र भएको खर्चको यथार्थ हिसाबकिताब निकाल्न सार्वजनिक कार्यसम्पन्न मूल्याङ्कन तथा लेखा परीक्षण गर्नुपर्ने हुन्छ । सार्वजनिक लेखाजोखा परियोजनाको तयारी चरणमा अभ्यासमा ल्याइन्छ भने सार्वजनिक समीक्षा परियोजना कार्यान्वयनकै दौरानमा गरिन्छ । त्यसै गरी, सार्वजनिक कार्यसम्पन्न मूल्याङ्कन तथा लेखापरीक्षण परियोजना सम्पन्न भएपछि गरिन्छ । यही अवधारणा अन्तर्गत विविध विषय अनुसार जस्तै लैङ्गिक, सामाजिकलगायत जुनसुकै विषय र क्षेत्रमा सार्वजनिक सुनुवाइ गर्न सकिन्छ । त्यस्तो सार्वजनिक सुनुवाइ योजना चक्रको कुन चरणसँग सम्बन्धित हो भन्ने कुरा स्पष्ट गरी मात्र सञ्चालन गरिनु पर्छ ।

हालको प्रचलित अभ्यासमा जे जस्तो बुझाइका आधारमा सार्वजनिक सुनुवाइ गरिँदै आएको भए पनि, जनसहभागिता जुटाएर प्रभावकारी रूपमा सञ्चालन गर्नुभन्दा औपचारिकता पूरा गर्नका लागि मात्र गर्ने गरिएको गुनासो बढी सुनिन थालेको छ । अर्कातर्फ यस्तो सुनुवाइमा सर्वसाधारण नागरिक वा उपभोक्ताले सहज रूपमा स्थान पाउनुपर्नेमा सुनुवाइ सुन्ने निकायकै हालीमुहाली र प्रयोजन अनुसार उनीहरूकै पक्षमा हुने गरी आयोजना गर्ने परिपाटीले वास्तविक चित्र आउन नसक्ने अवस्था देखिँदै आएको छ । ठोस रूपमा भन्नु पर्दा सार्वजनिक सुनुवाइ कर्मकाण्डी तवरमा सञ्चालन हुने गर्दा अपेक्षित रूपमा परिणाममुखी हुन सकिरहेको छैन । यसको परिणामस्वरूप विकास कार्यमा भ्रष्टाचार बढ्दै गएको छ भने कतिपय सेवा प्रवाहका गतिविधि चुस्त, सरल र सहज हुन सकिरहेका छैनन् । जननिर्वाचित प्रतिनिधि पनि पदमा पुगेपछि नागरिकका कुरा नसुन्ने, आफूलाई सर्वज्ञानी जस्तो प्रस्तुत गर्ने र शक्तिको दुरुपयोग गर्ने प्रवृत्ति देखिने गरेको छ ।

यसको दृष्टान्त योजना तर्जुमालाई विधिसम्मत रूपमा जनसहभागिताका माध्यमबाट नगरी आफ्नै तजबिज र तोक आदेशका आधारमा बजेट तथा योजना बाँडफाँट गर्ने प्रवृत्तिबाट स्पष्ट हुन्छ । त्यसै गरी अनुदान वितरणका कार्यक्रममा पनि आफ्नै तजबिजमा टाठाबाठालाई लाभ दिने प्रवृत्ति देखिँदै आएको छ । यसले गर्दा वास्तविक लक्षित वर्गले अनुदान प्राप्त गर्न नसक्ने र टाठाबाठा तथा पहुँचवालाले नै त्यसको लाभ लिने गरेका यथेष्ट घटना सार्वजनिक भइरहेकै छन् । यी र यस्ता सानातिना देखिने विषयमा सुधार नगरी शासनप्रणालीलाई जनमुखी बनाउन सकिँदैन । विकास र सेवाप्रवाहमा हुने बेथिति रोक्न तथा सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन सार्वजनिक सुनुवाइको अभ्यास सुरु गरिएको हो तर नागरिकलाई बलियो बनाउन ल्याइएको यही पद्धति पद र शक्तिमा रहेकाहरूबाट नै कब्जामा परेको देखिन्छ ।

**साभार: गोरखापत्र**

सम्पूर्ण इलेक्ट्रोनिक सामानहरू तथा ल्यापटप, डेक्सटप किस्ताबन्दीमा पाईन्छ ।




आधिकारित विक्रेता: काब्य ट्रेडिङ्ग कन्सर्न, वीरगंज, पर्सा (सम्पर्क नं.: 9843113435, 9746620950, 9844250388)

# इक्वेडरमा 'एल निनो' का कारण आपत्काल घोषणा

इक्वेडरले एल निनो जलवायु घटनाका कारण देशभर उच्च सतर्कता जारी गर्दै आपत्काल घोषणा गरेको छ

इक्वेडरको जोखिम व्यवस्थापन मन्त्रालयले एल निनोको सम्भावित प्रभावलाई ध्यानमा राख्दै देशभर उच्च सतर्कता जारी गरेको समाचार संस्था एएफपीले जनाएको छ । सतर्कतासँगै सम्भावित जोखिमयुक्त क्षेत्रबाट नागरिकलाई सुरक्षित ठाउँमा सार्ने तथा अन्य आपत्कालीन उपाय समन्वय गर्न सम्बन्धित समितिहरू सक्रिय हुनेछन् ।

इक्वेडरले देशको पूर्वमा पर्ने अमेजन क्षेत्रमा खडेरी र डढेलोको जोखिम बढ्ने अनुमान गरेको छ। यस वर्षको एल निनोले मध्य अमेरिकाका केही क्षेत्रमा गम्भीर खडेरी तथा इन्डोनेशियामा डढेलोको जोखिम बढाएको अधिकारीहरूले बताएका छन्

वैज्ञानिकहरूका अनुसार अहिलेको एल निनो वर्षको अन्त्यतिर उत्कर्षमा पुग्न सक्ने र सन् २०२७ मा विश्वव्यापी तापक्रममा उल्लेखनीय वृद्धि हुन सक्ने अनुमान छ ।

पानामा, होन्डुरस र एल साल्भाडोरले यसअघि नै एल निनोका कारण आपत्काल घोषणा गरिसकेका छन् । पेरुले पनि एल निनोका कारण तीव्र गर्मी र वर्षाको जोखिमलाई ध्यानमा राख्दै आफ्ना झन्डै एकतिहाइ शहरमा आपत्काल घोषणा गरेको छ ।

एल निनो समुद्रको पानी सामान्यभन्दा बढी तातेको अवस्था हो । प्रशान्त महासागरको सतहमाथिको तापक्रममा ० दशमलव ५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम वृद्धि कायम रहेको अवस्थामा त्यसको विश्वव्यापी असर पर्छ। यो असरले वायुको नियमित प्रणालीलाई खलबल्याउँदा पैदा हुने अवस्था नै एल निनो प्रभाव हो ।

## आफन्तको अनुमति...

नलिइएको विषयप्रति गम्भीर आपत्ति जनाउनुभयो। कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा आइतबार आयोजित छलफल कार्यक्रममा बोल्दै नेता आङदेम्बेले शव व्यवस्थापनको संवेदनशीलतालाई ध्यान नदिइएको गुनासो आएको बताउनुभयो

'शव व्यवस्थापन गर्दा आफन्तको अनुमति नलिएको विषय पनि गम्भीर रूपमा उठेको छ,' उहाँले भन्नुभयो ।

भोटेकोसी र त्रिशूली नदी क्षेत्रमा बाढीपछि फैलिएको दुर्गन्ध जनस्वास्थ्यका लागि ठूलो चुनौती बनेको उनले उल्लेख गर्नुभयो। यस विषयमा आफूले प्रधानमन्त्री वालेन्द्र शाहको समेत ध्यानाकर्षण गराइसकेको उहाँले जानकारी दिनुभयो ।

'भोटेकोसी र त्रिशूली नदी क्षेत्रमा फैलिएको दुर्गन्ध पनि हाम्रो लागि ठूलो चुनौती बनेको छ । यी विषयमा मैले हिजो प्रधानमन्त्रीसँग पनि कुरा गरेको छु' उहाँले भन्नुभयो । स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालासँगको समन्वय तथा सुझावका आधारमा नेता आङदेम्बेले प्रधानमन्त्रीलाई नौ बुँदे ध्यानाकर्षण पत्र बुझाउनुभएको थियो।

विपद्पछिको राहत, पुनःस्थापना र दीर्घकालीन व्यवस्थापनका लागि पार्टीले सरकारको ध्यानाकर्षण गराएको उहाँको भनाइ छ।

## बाढीपीडितलाई सहयोग...

एक बोरा, दुई बोरा वा सोभन्दा बढी राहत सामग्री सहयोग गर्न आग्रह गरेको छ ।

'तपाईंले गरेको सानो सहयोग पनि विपदमा परेका कुनै परिवारका लागि ठूलो सहारा बन्न सक्छ,' विज्ञप्तिमा भनिएको छ ।

विपद्को यस घडीमा सबै एकजुट भई बाढीपीडितको साथमा उभिन संघले आग्रह गरेको छ। संघले राहत सहयोग तथा समन्वयका लागि ९८४५१२८३९६ र ९८२१२२७०३० नम्बरमा सम्पर्क गर्नसमेत अनुरोध गरेको छ ।

विपद्को घडीमा एकता, सहयोग र मानवता नै पीडितका लागि ठूलो सहारा हुने संघले जनाएको छ ।

## सन्दीप लामिछानेले एक महिनाको तलब विपद् कोषमा दिने

काठमाण्डौ १४ भदौ/राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेले आफ्नो एक महिनाको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने घोषणा गरेका छन् । आज सामाजिक सञ्जालमार्फत उनले बाढीबाट प्रभावितहरूका लागि सहयोग गर्ने बताएका हुन् ।

यस्तै सन्दीपले एसीसी प्रिमियर कप प्रतियोगिताभरि नेपालले लिने हरेक विकेट तथा नेपाली टोलीले प्रहार गर्ने हरेक चौका र छक्काबापत समान १ हजार ५०० रुपैयाँ सहयोग गर्ने उल्लेख गरेका छन् । यो रकम बाढीबाट प्रभावित बालबालिकाका लागि शैक्षिक सामग्री उपलब्ध गराउन खर्च गरिने सन्दीपको भनाइ छ ।

## निजगढमा संकलित...

समन्वयमा युवाहरुले निजगढमा संकलन गरेको चामल, दाल, मिनरल वाटर, चाउचाउ, बिस्कुट, लत्ताकपडालगायत १ ट्रक राहत सामाग्री बोकेर टोली शनिवार राति बाढी प्रभावित क्षेत्रतर्फ लगेको थियो ।

अभियान्ता सापकोटाका अनुसार होल्डिङ्ग सेन्टरमा बुझाइएको राहात सामग्री नेपाली सेना र स्थानीय तहले बाढी प्रभावितहरुलाई वितरण गर्ने छ।

## वनसंरक्षणसँगै....

व्यवस्थापनको अवधारणाअनुसार वन स्रोतको संरक्षण र उपयोग गर्दै उपभोक्ताको जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै आएको बताउनुभयो ।

चन्द्रपुर नगरपालिका( ६ का वडाध्यक्ष सहदेव केसीले उपभोक्ता र समूहका पदाधिकारीको सक्रियताका कारण वन क्षेत्र घना तथा हराभरा बन्दै गएको बताउनुभयो । महासंघका उपाध्यक्ष टिका आचार्यले वन संरक्षणसँगै वन पैदावारको उचित उपयोग र उपभोक्ताको आर्थिक अवस्था सुधारमा समेत सामुदायिक वन केन्द्रित हुनुपर्ने बताउनुभयो ।

समूहका अध्यक्ष रामलाल ठोकरको अध्यक्षतामा सम्पन्न सभामा सचिव सरिता घिमिरेले स्वागत मन्तव्य राख्नुभएको थियो । विमल रानाले सञ्चालन गर्नुभएको सभामा सरिता घिमिरे, शालिग्राम न्यौपाने र विमल रानामगरले विभिन्न प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

साधारणसभाका अवसरमा सहायक वन अधिकृत अनिलकुमार महतोलाई सम्मानसमेत गरिएको थियो ।

## विपत्तिको समयमा कसैले पनि राजनीति नगरौं : ओली

काठमाडौं १४ भदौ/नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकमा आइपरेको प्राकृतिक विपत्तिको घडीमा कसैले पनि राजनीति गर्न नहुने बताउनुभएको छ ।

आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा रसुवाको बाढीपहिरो सम्बन्धी स्थलगत अनुगमन प्रतिवेदन बुझ्दै उहाँले वर्तमान समय राष्ट्रिय शोक र पीडाको विषय भएको उल्लेख गर्नुभयो

यो संकटलाई साझा दायित्वका रूपमा ग्रहण गरी समाधानका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो । विपद् व्यवस्थापनमा सरकारको भूमिका र जिम्मेवारी अन्य निकायको तुलनामा बढी हुने उल्लेख गर्दै उहाँले राज्यकोषको परिचालन नागरिकको उद्धार, राहत र पुन:निर्माणमा केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

'यो विपत्ति वास्तवमै राष्ट्रिय शोक र पीडाको समय हो। यस्तो बेला जनता मारमा परिरहेका छन्, त्यसैले यसमाथि कसैले पनि राजनीति गर्नु हुँदैन । यो हाम्रो साझा पीडा हो र यसको समाधान गर्ने दायित्व पनि साझा नै हो । सबैले उदारता, दृढता र संयमका साथ सहयोगको हात बढाउनु आवश्यक छ,' ओलीले भन्नुभएको छ । खासगरी राजधानी नजिकैको प्रदेशमा घटेको यो घटनाको गहिराइ बुझ्न सहज भएको भन्दै उनले तीनै तहका सरकार (केन्द्र, प्रदेश र स्थानीय) बीच प्रभावकारी समन्वय हुनुपर्ने धारणा राख्नुभयो ।

## त्रिशूली नदीको बाढीले धादिङमा ४ वटा घर र झोलुङ्गे पुल बगायो

काठमाण्डौ १४ भदौ/ भोटेकोशी हुँदै आज बिहान आएको बाढीले धादिङमा ४ वटा घर र चरौँदीको झोलुङ्गे पुल बगाएको छ । यस्तै अरू केही घर जोखिममा परेका छन् ।

धादिङको गल्छी गाउँपालिका(४ चिरौँदीमा त्रिशूली नदीमा आएको बाढीले ४ वटा घर बगाएको हो । बिहान त्रिशूली नदीमा पानीको बहाव बढेको थियो । बहाव बढेपछि नदीले कटान गर्दा त्यहाँका थप ४/५ वटा घर जोखिममा परेका छन् ।

त्यस्तै गोरखाको घ्याल्चोक र धादिङको चरौँदी जोड्ने झोलुङ्गे पुल पनि त्रिशूली नदीले बगाएको छ। त्रिशूली नदीमाथिको झोलुङ्गे पुल बाढीले बगाएको हो ।

बाढी पूर्वानुमान महाशाखाले बिहान भोटेकोशीमा पानीको बहाव बढेपछि रसुवा, नुवाकोट र धादिङसम्म नदी तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरेको थियो ।

## च्याटजीपीटीलाई राहत कोषमा १ लाख २० हजार सहयोग गरेको भौचर बनाउन लगाउने पक्राउ

काठमाण्डौ १४ भदौ/प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको




भन्दै नक्कली भौचर सामाजिक सञ्जालमा राख्ने एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा रामेछापको गोकुलगङ्गा गाउँपालिका वडा नम्बर २ ठोसे बस्ने ३२ वर्षीय भगवान कार्की रहेका छन् ।

कार्कीले राहत कोषमा १ लाख २० हजार रुपैयाँ सहयोग गरेको भनी च्याटजीपीटीको प्रयोग गरी नक्कली स्टेटमेन्ट तयारी गरी सामाजिक सञ्जालमा राखेका थिए ।

कार्कीले कोषमा सहयोग गरेको भनी आफ्नो क्यूआर कोडसमेत सामाजिक सञ्जालमा राखेर त्यसबाट ठगी गरेका प्रहरीले जनाएको छ । उनीमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी निरीक्षक कमल राउतले बताउनुभयो ।

## आगलागी हुँदा सात वटा चौपाया मरे

रौतहट, १४ भदौ/रौतहटको चन्द्रपुर नगरपालिका( २ जुडीबेलामा शनिबार गाईगोठमा अचानक आगलागी हुँदा चार वटा गाईसहित सात वटा चौपाया जलेर मरेका छन् । आगलागीबाट करिब नौ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

जुडीबेला निवासी सन्तोषी बस्नेतको आचार्य एकीकृत कृषि फार्मको गाईगोठमा बिहान करिब ५ बजे आगलागी भएको हो ।






# मधेस प्रदेशका विभिन्न जिल्लाका १९२ जना बेपत्ता भएकामध्ये ३० जना परिवारको सम्पर्कमा, १६२ जनाको अवस्था अझै अज्ञात

जनकपुरधाम, १४ भदौ/रसुवाको भोटेकोशीमा आएको विध्वंशकारी बाढीको चपेटामा मधेस प्रदेशका विभिन्न जिल्लाका १९२ जना बेपत्ता भएकामध्ये ३० जना परिवारको सम्पर्कमा आएका छन् । अन्य १६२ जनाको अवस्था अहिले पनि अज्ञात छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं एसएसपी प्रभप्रसाद ढकालका अनुसार परिवारबाट खोजतलासका लागि परेको निवेदन अनुसार सप्तरीका ४८ जना अझै सम्पर्कविहीन अवस्थामा छन्। सप्तरीका एक जना भने परिवारको सम्पर्कमा आएका छन् ।




त्यस्तै सिरहाबाट १० जना बेपत्ता भएकोमा २ जना सम्पर्कमा आएका छन् भने ८ जनाको अवस्था अझै अज्ञात छ। धनुषाका ७ जना सम्पर्कमा आएको तथा ६ जना अझै सम्पर्कविहीन रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

महोत्तरीका १७ जना हराएकोमा ७ जना सम्पर्कमा आए पनि १० जनाको अवस्था अझै अज्ञात छ । सर्लाहीबाट १९ जना सम्पर्कविहीन भएकोमा ३ जना परिवारको सम्पर्कमा आएका छन् भने १६ जना बेपत्ता छन् ।

रौतहट जिल्लामा घर भई हराएका १९ जनामध्ये ३ जना परिवारको सम्पर्कमा आएका छन् भने १६ जना अझै बेपत्ता छन् । बाराका २५ जना बेपत्ता भएकोमा २ जना सम्पर्कमा आएका छन् भने २३ जनाको अवस्था अझै अज्ञात छ ।

पर्सा जिल्लाबाट ४० जना सम्पर्कविहीन भएकोमा २ जना सम्पर्कमा आए पनि ३८ जनाको अवस्था अझै अज्ञात रहेको प्रहरीले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी नेपाल प्रहरीमा कार्यरत मधेसका ९ जना हराएकोमा ६ जना सम्पर्कमा आएका छन् भने ३ जनाको अवस्था अज्ञात छ । नेपाली सेनामा कार्यरत ३ जना बेपत्ता भएकोमा १ जना सम्पर्कमा आएको र २ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

सम्पर्कविहीन भएकाहरूमध्ये अधिकांश हाइड्रोपावरमा कार्यरत भएकाले त्यहाँको सुरुङभित्र फसेको हुनसक्ने परिवारका सदस्य बताउँछन् ।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विध्वशंकारी बाढीमा परेर बेपत्ता भएकाहरूको खोजी गरिदिन आग्रह गर्दै विभिन्न जिल्लाका प्रहरी कार्यालयमा परिवारका आफन्तले निवेदन दिएका छन् । प्रहरीले पनि सूचना सार्वजनिक जारी गर्दै मधेसबाट कसैको आफन्त हराएको, सम्पर्कविहीन अवस्था छ भने आफ्ना विभिन्न युनिट ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीमा विवरणसहित निवेदन दिन आग्रह गर्दै आएको छ ।

मधेसका विभिन्न जिल्लाबाट रसुवा, धादिङ, नुवाकोटमा रोजगारी तथा व्यापार, व्यवसाय तथा अन्य कामका लागि त्यहाँ रहेकाहरू उक्त घटनामा परेर सम्पर्कविहीन भएपछि परिवारजन चिन्तित बनेका छन् । मधेस प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन व्यक्तिहरूको खोजतलासका लागि रसुवा, धादिङ लगायत प्रभावित जिल्लाका प्रहरी कार्यालयहरूसँगको समन्वयमा काम थालिएको जनाएको छ ।

# निजगढमा मोटरसाइकल दुर्घटना, एकजनाको मृत्यु, दुई घाइते

निजगढ, १४ भदौ/पूर्वपश्चिम राजमार्गअन्तर्गत बाराको निजगढ नगरपालिका( ९ स्थित बकैया पुल नजिकै शनिबार राति भएको मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका( ११ का २४ वर्षीय अभिषेक चौधरी रहेका छन् । प्रहरीका अनुसार चौधरीले चलाएको ना४८प ५१११ नम्बरको मोटरसाइकल ना५ख ७८०५ नम्बरको ट्रकको पछाडि ठोक्किएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई वीरगञ्जस्थित मेडिसिटी बयोधा अस्पताल लगिएको र उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले जानकारी दिनुभयो

सोही दुर्घटनामा परी मोटरसाइकलमा सवार सुदीप चौधरी र निशान्त चौधरी घाइते भएका छन् । घाइते दुवै जनाको हाल मेडिसिटी बयोधा अस्पतालमै उपचार भइरहेको छ ।

# सिमरास्थित जगदम्बा स्टील्स् मजदुर युनियनको नेतृत्व २२ वर्षदेखि सर्वसम्मत्

सिमरा, १४ भदौ/उद्योग तथा कलकारखानामा मजदुर युनियनको आधिकारिकताका लागि दलगत खिँचातानी र चुनावका नाममा अस्वस्थ प्रतिस्पर्धा हुनु सामान्य जस्तै बनेको छ । तर बाराको सिमरास्थित जगदम्बा स्टील्स् उद्योगमा भने २२ वर्षदेखि आधिकारिक ट्रेड युनियनको नेतृत्व सर्वसम्मत् चयन हुँदै आएको छ ।



जीतपुरसिमरा उपमहानगरपालिका( ४ औराहस्थित देवाश्रममा शनिबार सम्पन्न युनियनको ११औं अधिवेशनले पुनः सर्वसम्मत् रूपमा नयाँ कार्यसमिति चयन गरेको छ । अधिवेशनले अध्यक्षमा दीपक विक, सचिवमा दीपक कार्की र सहसचिवमा गोबिन्दबहादुर अधिकारीलाई निरन्तरता दिँदै कार्यसमिति चयन गरेको हो ।

उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा जीतपुरसिमरा( २ का वडा अध्यक्ष धनबहादुर श्रेष्ठ, अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय सचिव अर्जुन चिमरिया, अखिल नेपाल औद्योगिक मजदुर संघका केन्द्रीय अध्यक्ष बेनीप्रसाद तिमल्सिना, अखिल नेपाल औद्योगिक महासंघ बाराका अध्यक्ष डिबी थापा, डाबर नेपालका मजदुर नेता जंगबहादुर थारुलगायतको उपस्थिति रहेको थियो ।

# बाढीमा २३८ विद्यार्थी र १३ शिक्षक सम्पर्कविहीन, १६ विद्यालयमा क्षति

काठमाडौं, १४ भदौ/भोटेकोसीमा आएको बाढीले तीन जिल्लामा १६ विद्यालयमा क्षति पुगेको छ भने २३८ विद्यार्थी र १३ शिक्षक सम्पर्कविहीन रहेका छन् ।




शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार, शनिबारसम्म प्राप्त प्रारम्भीक विवरणमा तीन जिल्लाका १६ विद्यालयमा क्षति पुगेको छ । ती विद्यालयमा अध्ययनरत विद्यार्थी र शिक्षक गरी २५१ जना सम्पर्कविहीन भएको तथ्यांक आएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले लिएको प्रारम्भीक विवरणअनुसार, रसुवाका चार, नुवाकोटका आठ र धादिङका चार विद्यालयमा पूर्ण, आंशिक र सामान्य क्षति पुगेको छ। रसुवाको उत्तरगया र गोसाईकुण्ड गाउँपालिका, नुवाकोटको विदुर नगरपालिका, धादिङको गल्छी गाउँपालिका र निलकण्ठ नगरपालिकाका विद्यालयमा क्षति पुगेको मन्त्रालयले जनाएको छ ।

यी स्थानीय तहका अधिकांश विद्यालय बगाएको छ । केहीका कक्षाकोठामा लेदो, बालुवा र माटोले पुरिएको मन्त्रालयले जनाएको छ ।

रसुवाका चार विद्यालय पूर्ण रुपमा नै क्षति भएका छन् । यस्तै नुवाकोटको चार विद्यालयमा पूर्ण र चारमा आशिंक क्षति पुगेको छ ।

आशिंक क्षति पुगेको विदुर नगरपालिकास्थित चण्डेश्वरी माध्यामिक विद्यालयका १२ विद्यार्थीसहित एक शिक्षक सम्पर्कविहीन रहेको मन्त्रालयले जनाएको छ ।

धादिङको एक विद्यालय पूर्ण क्षति भएको छ भने तीनमा आशिंक क्षति पुगेको मन्त्रालयले जनाएको छ ।

उत्तरगया गाउँपालिकाको निलकण्ठ माध्यामिक विद्यालय भवनमा क्षति नभए पनि सो विद्यालयका दुई सय विद्यार्थीसहित चार शिक्षक सम्पर्कविहीन रहेको विवरणमा उल्लेख गरिएको छ ।

गोसाइकुण्ठ गाउँपालिकाको कोमीश्यामेवाङ्फेल माध्यामिक विद्यालयको १६ जना विद्यार्थीसहित एक शिक्षक बाढीमा बेपत्ता भएका छन् ।

गुसाईकुण्ड तीर्थयात्रामा गएका चार जना धादिङका शिक्षक पनि सम्पर्कविहीन भएको मन्त्रालयले जनाएको छ। नेपाल राष्ट्रिय आधारभुत विद्यालय रसुवाका १० जना शिक्षकमध्ये तीन जना मात्रै सम्पर्कमा रहेको मन्त्रालयले जानकारी दिएको छ ।

नुवाकोटको त्रिभुवन बहुमुखी क्याम्पस र त्रिभुवन त्रिशुली माविको छात्रबास पुरिएको क्षति विवरणमा उल्लेख छ। क्षति पुगेकामध्ये अधिकांश सामुदायिक र केही निजी विद्यालय रहेका छन् ।

त्यस्तै नुवाकोटको त्रिशुली सामुदायिक बोर्डिङले तीन जना विद्यार्थी सम्पर्कविहीन रहेका छन् । मन्त्रालयले क्षतिको पूरा विवरण आउन बाँकी रहेको जनाएको छ ।

# निजगढ वडा नम्बर ५ मा एमालेको वडा अधिवेशन सम्पन्न



निजगढ, १४ भदौ/नेकपा (एमाले) निजगढ नगर वडा नम्बर ५ को चौथौं वडा अधिवेशनले पुण्यप्रसाद बञ्जारा (राजन) को अध्यक्षतामा सदस्यीय वडा कमिटी सर्वसम्मत चयन गरेको छ । कमिटीको उपाध्यक्षमा कुम्भप्रसाद तिमल्सिना, सचिवमा मेघराज तिमल्सिना, उप(सचिवमा संतोष अर्याल र उप (सचिवमा दुर्गा चौलागाई चयन हुनुभएको छ ।

त्यसैगरी सदस्यहरूमा कमल वाइवा, शारदा चौलागाई, कविता थापा मगर, दधिराम गौतम, संगीता थापा मगर, खडकप्रसाद गौतम, विराज दहाल, र प्रशान्त बस्नेत रहेको निजगढ नगर कमिटीका सचिव थानेश्वर सापकोटा अविरलले जानकारी दिनुभयो

त्यसैगरी अधिवेशनले रामेश्वरप्रसाद अधिकारीको अध्यक्षतामा ४१ सदस्यीय सल्लाहकार कमिटी पनि सर्वसम्म्त रुपमा गठन गरिएको जनाइएको छ ।

# आफन्तको अनुमति नलिई शव गाडेकोमा कांग्रेसको आपत्ति



काठमाडौं, १४ भदौ/प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले भोटेकोसी र त्रिशूली नदी क्षेत्रमा आएको बाढीपछिको विपद् व्यवस्थापनका सन्दर्भमा चासो राखेको छ ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले बाढीमा परी ज्यान गुमाएका व्यक्तिको शव व्यवस्थापनमा आफन्तको अनुमति

बाँकी तेश्रो पेजमा

# पृथ्वी राजमार्गको पूर्णरूपमा अवरुद्ध

काठमाण्डौं,१४ भदौ/पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित कृष्णभीरमा सडक भासिएपछि यातायात पूर्णरूपमा अवरुद्ध भएको छ ।

आइतबार बाढीले ठूलो क्षेत्रमा कटान गरेपछि सडक भासिएको हो । सडकको केही भाग नदीतर्फ बगेर गएपछि अहिले पैदल यात्रु हिड्नसमेत कठिन भएको छ ।

भासिएको सडकमा सवारीसाधन सञ्चालन गर्न सक्ने अवस्था रहेको छैन । जसले गर्दा पृथ्वी राजमार्गको उक्त खण्डमा आवागमन प्रभावित भएको छ ।

सडक भासिएको स्थानमा थप कटानको जोखिमसमेत रहेकाले यात्रु तथा सवारी चालकलाई सावधानी अपनाउन प्रहरीले आग्रह गरेको छ । सडकको अवस्था बिग्रिएसँगै राजमार्गमा सवारीसाधन रोकिएका छन् भने यात्रुहरू गन्तव्यसम्म पुग्न समस्या भएको छ ।

त्रिशूली नदीमा आएको बाढीले यसअघि पनि पृथ्वी राजमार्गका विभिन्न स्थानमा सडक कटान तथा क्षति पुऱ्याएको थियो । पछिल्लो समय कृष्णभीरमा समेत सडक भासिएपछि काठमाडौं(चितवन हुँदै पूर्व(पश्चिम आवतजावत गर्ने यात्रु थप प्रभावित भएका छन् ।

सडकको ठूलो भाग नै भासिएकाले तत्कालै नियमित यातायात सञ्चालन गर्न चुनौती देखिएको जिल्ला प्रहरी कार्यालय, धादिङले जनाएको छ ।

# वन संरक्षणसँगै उपभोक्ताको आर्थिक सशक्तीकरणमा जोड

रौतहट, १४ भदौ/हातेमालो सामुदायिक वन उपभोक्ता समूहको २१औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । चन्द्रपुर नगरपालिका(६ मा सम्पन्न साधारणसभामा सहभागी वक्ताहरूले वन संरक्षणसँगै वन पैदावारको उचित उपयोग र उपभोक्ताको आर्थिक सशक्तीकरणमा जोड दिएका छन् ।

सभालाई सम्बोधन गर्दै मधेश प्रदेशसभाका पूर्वसदस्य धनलाल ठोकरले सामुदायिक वन उपभोक्ताको हितमा समूहले प्रभावकारी काम गर्दै आएको बताउनुभयो । उहाँले वन संरक्षण तथा संवर्द्धनमा समूहले खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघ रौतहटका अध्यक्ष बेदहरी दाहालले वन क्षेत्रमा पाइने जैविक विविधता, वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । स्थानीय सरकारले सामुदायिक वन समूहप्रति आवश्यक अपनत्व लिन नसकेको उहाँको गुनासो थियो ।

सहायक वन अधिकृत अनिलकुमार महतोले हातेमालो सामुदायिक वनले दिगो वन

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३